# फक्ताङलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

**गाउँ पार्श्वचित्र (Digital Village Profile) तयारीका लागि प्रस्तावपत्र आव्हान सम्वन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६।०१।०५)

यस फक्ताङलुङ गाउँ कार्यपालिकाको गाउँ पार्श्वचित्र परामर्श सेवादाता मार्फत खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म वा संस्थाले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी गरी प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. प्रस्ताव सम्बन्धी कागजात(Request For Proposal Document) खरिद गर्न आ.व. ०७४/७५ सम्म नविकरण भएको इजाजत पत्र, आयकर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र फक्ताङलुङ गाउँपालिकाको कार्यालयबाट रु.१०००।०० को नगदी रसिद लिई प्रस्ताव पत्र लिन सकिने छ ।

२. यस सूचनामा उल्लेख नभएका थप अन्य आवश्यक कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

३. प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार फक्ताङलुङ गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

४. म्याद नाघी आएका तथा रित नपुऱ्याई पेश भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

५. प्रस्तावकदाताको योग्यता, कार्यक्षेत्र(TOR), प्रस्ताव मूल्यांकनका मापदण्डहरु एवं अन्य आवश्यक विषयहरु प्रस्तावमा उल्लेख गरिएको छ । थप जानकारीका लागि फक्ताङलुङ गाउँपालिकाको ९८५२६६०१७८ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

६. प्रस्तावहरु खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

७. यस कार्यालयमा पेश हुने प्रस्तावहरुमा कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको प्रस्तावलाई मात्र मान्यता दिइनेछ ।

८. यस कार्यालयमा पेश हुन आएका प्रस्तावहरु प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

| ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | प्रस्तावपत्र खरिद गर्ने अन्तिम मिति | प्रस्ताव दर्ता गर्ने अन्तिम मिति | प्रस्ताव खोल्ने मिति | प्रस्ताव पत्र खरिद मूल्य |
|---|---|---|---|---|---|
| १/०७५/७६ | फक्ताङलुङ गाउँपालिकाको गाउँ पार्श्वचित्र तयारी | २०७६ बैशाख १९ गते दिनको ५:०० बजे | २०७६ बैशाख २० गते दिनको १२:०० बजे | २०७६ बैशाख २० गते दिनको २:०० बजे | १०००।०० |

पुनश्चः तोकिएको अनुभव, योग्यता र क्षमताको कागजात सहितको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी खामको बाहिरपट्टि नाम, ठेगाना, सम्पर्क नम्बर लगायत अन्य परिचय खुल्ने विवरणहरु स्पष्ट लेखि दुवै प्रस्तावलाई एउटै खाममा शिलबन्दी गरी पेश गर्नुपर्ने छ र गाउँ पार्श्वचित्र (Digital Village Profile) गा.पा. बाट स्वीकृत भएको कार्यक्षेत्रगत शर्त(TOR) बमोजिम तयार गर्नुपर्ने छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

Scanned by CamScanner